Regd. No.: 124294/070/071

# MANDAKINI HYDROPOWER LTD.
## SARDI KHOLA HYDROPOWER PROJECT

चं. नं. १९८/०८१/०८२
मतिः २०८२/०३/१२

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

श्री नेपाल धितोपत्र बोर्ड ।
खुमलटार, ललितपुर

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबारप्लाजा, काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.।
पुतलीसडक, काठमाडौं ।

**विषय : लक इन (Lock In Period) अवधि समाप्त हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयको सम्बन्धमा श्री नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१ चलानी नं. १५२३ मिति २०८०/०८/२५ गतेको पत्र मार्फत संगठित संस्थाले लक इन अवधि समाप्त सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा दिइएको निर्देशन बमोजिम यस कम्पनीको संस्थापक, स्थानीय बासिन्दाहरु तथा कर्मचारीहरुको स्वामित्वमा रहेको शेयरको लक इन (Lock In) अवधि मिति २०८२/०४/१६ गते शुक्रबारको दिन समाप्त हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै, नियामक निकायहरु, संस्थापक शेयरधनीहरु, स्थानीय बासिन्दाहरु, कर्मचारीहरु, लगानीकर्ताहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि मिति २०८२ आषाढ १३ गतेको नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको लक इन (Lock In) अवधि समाप्त हुने सम्बन्धी सूचनाको नमूना यसै पत्रसाथ संलग्न गरी तहाँको जानकारी तथा अभिलेखको निमित्त पठाइएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

भवदीय,

...................
शरद कुमार दाहाल
अध्यक्ष

बोधार्थ :

१.श्री ग्लोबल आइएमई क्यापिटल लि, नक्साल, काठमाडौं ।

Previous Mandakini Hydropower Pvt. Ltd.

P.O. Box: 7327, Sinamangal-9, Kathmandu, Nepal
Tel : 01-4561574
Email: mandakini.hydropower@gmail.com

## लक इन अवधी (Lock In Period )

## समाप्त हुने बारेको जरुरी सूचना

यस कम्पनीको मिति २०७९/०३/०१ गते देखि मिति २०७९/०३/२२ गते सम्म स्थानीय बासिन्दाहरुको लागि तथा मिति २०७९/०४/०९ देखि मिति २०७९/०४/१२ सम्म सर्वसाधारण (कर्मचारी समेत) मा निष्काशन तथा बिक्री खुल्ला गरी सर्वसाधारणको मिति २०७९/०४/१७ गते बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ ।

नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१ चलानी नं. १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट गरेको मिति (अर्थात् मिति २०७९/०४/१७ गते) ले तीन वर्ष समाप्त नभए सम्म संस्थापक शेयरधनीहरुले धारण गरेको शेयर, स्थानिय बासिन्दाहरु तथा कर्मचारीहरुलाई बाँडफाँट गरिएको शेयर लक इनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम लक इनमा राखिएको र उक्त शेयरको मिति २०८२/०४/१६ गते शुक्रबारको दिन देखि लक इनको समयावधि समाप्त हुने हुँदा संस्थापक शेयरधनीहरु, स्थानिय बासिन्दाहरु, कर्मचारीहरु लगानीकर्ताहरु, नियामक निकायहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संस्थापक शेयरधनीहरु, स्थानिय बासिन्दाहरु र कर्मचारीहरुको लक इनमा रहेको शेयरको विवरण :**

| क्र.सं. | समुह | शेयर संख्या | लक इन समाप्त हुने मिति |
|---|---|---|---|
| १ | संस्थापकहरुको शेयर | ४१,७०,५९७ | मिति २०८२ श्रावण १६ गते |
| २ | स्थानिय बासिन्दाहरुको शेयर | ६,४८,७६२ | |
| ३ | कर्मचारीहरुको शेयर | २५,८५८ | |
| **जम्मा शेयर** | | ४८,४५,२१७ | |

Mandakini Hydro Power Ltd.
Kathmandu, Nepal